सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ३४ ♦ २०८३ साल मंसीर २ बुधवार ♦ 18 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्किनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

मधेशमा नयाँ सत्ता समीकरणको खोजी, बहुमत जुटाउन दलहरूबीच कसरत

मुख्यमन्त्रीको नेतृत्व र मन्त्रालय बाँडफाँटमा सहमति जुट्न बाँकी, नयाँ सरकार गठन अन्योलमा

खबर दर्पण समाचारदाता

मंसीर १ गते, बर्दिवास

छठ पर्वको समापनसँगै मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि राजनीतिक दलहरूबीच दौडधुप र छलफल तीव्र बनेको छ । मुख्यमन्त्री कृष्णप्रसाद यादवले पदबाट राजीनामा दिएपछि प्रदेशमा नयाँ सत्ता समीकरण निर्माण, मुख्यमन्त्रीको नेतृत्व र मन्त्रालय बाँडफाँटलाई लिएर दलहरूबीच आन्तरिक तथा अनौपचारिक संवाद अघि बढेको हो ।



नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को समर्थनमा जनता समाजवादी पार्टी (जसपा) नेपालको नेतृत्वमा नयाँ सरकार गठन गर्ने विषयमा प्रारम्भिक छलफल भइरहेको नेताहरूले बताएका छन् । प्रस्तावित समीकरणअनुसार जसपा नेपालले सरकारको नेतृत्व गर्ने र एमाले तथा नेकपाले समर्थन गर्ने गरी सहमति जुटाउने प्रयास भइरहेको छ । यद्यपि मुख्यमन्त्रीको उम्मेदवार र मन्त्रालय बाँडफाँटबारे औपचारिक सहमति भइसकेको छैन ।

प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्ने अवस्था नदेखिएपछि मुख्यमन्त्री यादवले शनिबार, कात्तिक २८ गते पदबाट राजीनामा दिनुभएको थियो । एमाले र नेकपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको थियो । आवश्यक बहुमत जुटाउन नसक्ने अवस्था देखिएपछि विश्वासको मत लिने प्रक्रियामा प्रवेश गर्नुअघि नै उहाँले पदत्याग गर्नुभएको हो ।

मुख्यमन्त्रीको राजीनामासँगै प्रदेशमा नयाँ सरकार गठनको संवैधानिक प्रक्रिया अघि बढेको छ । प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गर्नुभएको छ । प्रदेश प्रमुखले आगामी मङ्सिर ४ गते अपराह्न ४ बजेसम्मको समयसीमा निर्धारण गर्नुभएको छ ।

नेकपाका नेता भरतकुमार साहले जसपा नेपालकै नेतृत्वमा नयाँ सरकार गठन गर्ने तयारी भइरहेको बताउनुभयो । उहाँका अनुसार मुख्यमन्त्रीका लागि जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवको सम्भावना बढी छ ।

"मुख्यमन्त्रीमा सरोज यादवजीकै सम्भावना बढी देखिन्छ । संसदीय दलको नेता नै मुख्यमन्त्री बन्ने परिपाटी रहेकाले उहाँको सम्भावना बलियो छ । यद्यपि जितेन्द्र सोनार र लालबाबु राउतको पनि दाबी छ," उहाँले भन्नुभयो । नेता साहले मुख्यमन्त्रीका विषयमा पार्टीभित्र अन्य दाबी रहे पनि नेकपाले जसपा नेपाललाई समर्थन गर्ने स्पष्ट पार्नुभयो ।

यता, जसपा नेपालका नेता जितेन्द्र सोनारले भने मुख्यमन्त्रीको उम्मेदवारका विषयमा पार्टीभित्र औपचारिक छलफल नभएको बताउनुभयो । सरकार गठन र मन्त्रालय बाँडफाँटबारे अहिले नै केही भन्न नसकिने उहाँको भनाइ छ ।

"सरकार र मन्त्रीका विषयमा म बोल्न चाहन्नँ । पार्टीमा यो विषय प्रवेश भएको छैन । म पनि पार्टीको दोस्रो तहको नेता हुँ । यस विषयमा अहिले नै केही भन्न सक्दिनँ," उहाँले भन्नुभयो ।

सोनार यसअघि मधेश प्रदेशसभामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको संसदीय दलका नेता हुनुहुन्थ्यो । लोसपा नेपाल गत पुस २७ गते जसपा नेपालमा समाहित भएको थियो ।

एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवले पनि नयाँ सरकार गठनका विषयमा अनौपचारिक छलफल भइरहेको बताउनुभयो । उहाँले औपचारिक निर्णयका लागि तीन दलबीच थप छलफल आवश्यक रहेको उल्लेख गर्नुभयो ।

जसपा नेपालका नेता मनिषकुमार सुमनले पनि आफ्नै पार्टीको नेतृत्वमा नयाँ सरकार गठन हुने परिस्थिति देखिएको बताउनुभयो । प्रदेशसभामा जसपा नेपालको सिट सङ्ख्या अन्य दलको तुलनामा बढी रहेकाले सरकारको नेतृत्व लिनुपर्ने अवस्था रहेको उहाँको भनाइ छ ।

"जसपाकै नेतृत्वमा सरकार बनाउने परिस्थिति देख्दै छु । जसपाले नेतृत्व लिएन भने सरकार गठनको विषयमा अलमल हुन सक्छ । सिट सङ्ख्या पनि हाम्रो पार्टीकै बढी रहेकाले हामी बाध्यात्मक अवस्थामा छौं," उहाँले भन्नुभयो ।

नेतृत्व चयनमै सकस

मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि जसपा नेपालको नेतृत्व स्वाभाविक विकल्पका रूपमा अघि सारिए पनि मुख्यमन्त्रीको उम्मेदवार को बन्ने भन्ने विषयमा स्पष्ट सहमति जुटिसकेको छैन । संसदीय दलका नेता सरोजकुमार यादवको नाम चर्चामा रहे पनि पूर्वमुख्यमन्त्री लालबाबु राउत र नेता जितेन्द्र सोनारको दाबीसहित पार्टीभित्रको आन्तरिक समीकरणले नेतृत्व चयनलाई

बाँकी पृष्ठ ३ मा

जनकपुरबाट काठमाडौं जाँदै गरेको माइक्रोबस दुर्घटना, १४ जना घाइते

खबर दर्पण समाचारदाता

मंसीर १ गते, बर्दिवास

सिन्धुलीको गोलन्जोर गाउँपालिका-७ पलासेस्थित बीपी राजमार्गमा माइक्रोबस दुर्घटना हुँदा १४ जना घाइते भएका छन् ।

घाइतेमध्ये अधिकांश धनुषाको शहीदनगर नगरपालिकाका र हेको प्रहरीले जनाएको छ ।

मंगलबार दिउँसो जनकपुर धामबाट काठमाडौं जाँदै गरेको मधेश प्रदेश ०४-००१ ज ०२४३ नम्बरको माइक्रोबस अनियन्त्रित भई सडकबाट करिब २० मिटर तल अधेरी खोलाको बगरमा खसेको थियो ।

दुर्घटनामा माइक्रोबसमा सवार चालकसहित सबै १४ जना घाइते भएका छन् । घाइतेहरूलाई तत्काल उद्धार गरी उपचारका लागि शुभजीवन अस्पताल खुर्कोट पठाइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार हालसम्म नौ जना घाइतेको पहिचान खुलेको छ भने बाँकी पाँच जनाको विवरण संकलन भइरहेको छ । पहिचान खुलेका घाइतेमध्ये धनुषाको शहीदनगर नगर पालिका-८ का माइक्रोबस चालक दीपककुमार दास रहेका छन् ।

त्यस्तै, शहीदनगर नगरपालिका-७ की १७ वर्षीया रानीकुमारी मण्डल तथा वडा नम्बर २ का १४ वर्षीय पियुष गोहित, १५ वर्षीय आयुष गोहित र १२ वर्षीया रुबी गोहित घाइते भएका छन् ।

यसैगरी ललितपुरको भैंसेपाटी



निवासी ३६ वर्षीया प्रियङ्का साह र उनका तीन छोरी १६ वर्षीया जेनी साह, ११ वर्षीया सफलता साह तथा ३ वर्षीया ओमी साह पनि दुर्घटनामा घाइते भएका छन् ।

दुर्घटनाको कारण खुल्न बाँकी रहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको र अन्य पाँच जना घाइतेको पहिचान खुलाउने कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

मधेशमा नयाँ सत्ता समीकरणको खोजी.....

प्रभाव पार्न सक्ने देखिन्छ ।

प्रदेशसभाको पहिलो कार्यकालमा जसपा नेपालका नेता लालबाबु राउतले २०७४ फागुन २ देखि २०७९ पुस २९ गतेसम्म मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो । मधेश प्रदेश स्थापनापछि पहिलो कार्यकाल उहाँकै नेतृत्वमा सरकार सञ्चालन भएको थियो ।

प्रदेशसभाको दोस्रो निर्वाचनपछि जसपा नेपालका सरोजकुमार यादव २०७९ पुस २९ गते मुख्यमन्त्री बन्नुभएको थियो । तर, प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसकेपछि उहाँ २०८१ जेठ २३ गते पदमुक्त हुनुभएको थियो ।

त्यसपछि मधेश प्रदेशमा मुख्यमन्त्री परिवर्तनको क्रम तीव्र बनेको छ । सरोजकुमार यादवपछि २०८१ जेठ २५ गते जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री बन्नुभएको थियो । सिंहले २०८२ असोज २८ गते राजीनामा दिएपछि तत्कालीन लोसपाका जितेन्द्र सोनारले २०८१ असोज २९ गते मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो । विश्वासको मत प्राप्त गर्ने अवस्था नदेखिएपछि उहाँले कात्तिक २२ गते एक महिनाभित्रै राजीनामा दिनुभएको थियो ।

त्यसपछि एमालेका सरोजकुमार यादव कात्तिक २३ गते मुख्यमन्त्री बन्नुभएको थियो । उहाँले मङ्सिर १७ गते विश्वासको मत प्राप्त गर्ने अवस्था नदेखिएपछि पदबाट राजीनामा दिनुभएको थियो । त्यसपछि मङ्सिर १९ गते कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री बन्नुभएको थियो । उहाँले २०८३ कात्तिक २८ गते राजीनामा दिएसँगै प्रदेशमा पुनः नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको हो ।

बहुमतका लागि चार राजनीतिक विकल्प

१०३ सदस्यीय मधेश प्रदेशसभामा उपलब्ध दलगत विवरणअनुसार जसपा नेपालका २७, एमालेका २३, नेपाली कांग्रेसका २२, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन् । त्यस्तै, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन् ।

प्रदेशसभाका सदस्यको पदावस्था र मताधिकारको अवस्थाले समेत सरकार गठनको समीकरणमा प्रभाव पार्ने देखिन्छ । जसपा नेपालका सरोजसिंह कुशवाहा निलम्बनमा हुनुहुन्छ । नेकपाका भरत साह, एमालेका रामचन्द्र मण्डल र जनमतका सतिशकुमार सिंह प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन प्रदेशसभा सदस्यबाट राजीनामा दिनुभएको थियो । सभामुख रामआशिष यादवको सङ्ख्या पनि दलगत गणनामा समावेश गरिएको छैन । तत्कालीन लोसपाका निलम्बित सदस्य अभिराम शर्माको निलम्बन भने फुकुवा भइसकेको छ ।

दलगत सङ्ख्या र उपलब्ध सदस्यको अवस्थालाई आधार मान्दा मधेश प्रदेशमा सरकार गठनका चारवटा सम्भावित राजनीतिक समीकरण देखिएका छन् ।

पहिलो विकल्पमा जसपा नेपाल, एमाले र नेकपाबीच गठबन्धन हुन सक्छ । यी तीन दलको प्रारम्भिक दलगत सङ्ख्या जोड्दा ६५ पुग्छ । दोस्रो विकल्पमा जसपा नेपाल, एमाले र जनमत पार्टीबीच सहकार्य हुन सक्छ । यी दलको सङ्ख्या जोड्दा ६२ पुग्छ ।

त्यस्तै, तेस्रो विकल्पमा कांग्रेस, एमाले र नेकपाबीच पुनः सहकार्य हुन सक्ने सम्भावना छ । यी तीन दलको प्रारम्भिक सङ्ख्या ६० पुग्छ । चौथो विकल्पमा कांग्रेस, जसपा नेपाल र जनमत पार्टीबीच गठबन्धन हुन सक्छ । यी दलको सङ्ख्या जोड्दा ६१ पुग्छ ।

यद्यपि यी सङ्ख्या प्रारम्भिक दलगत गणनामा आधारित छन् । सरकार गठनका क्रममा वास्तविक मताधिकार प्राप्त सदस्यको सङ्ख्या, दलहरूको औपचारिक समर्थन र प्रदेशसभामा प्रस्तुत हुने विश्वासको मतले बहुमतको अन्तिम अवस्था निर्धारण गर्नेछ ।

राजनीतिक स्थिरता र जनअपेक्षाको चुनौती

छठ पर्वका कारण पछिल्ला दिनमा राजनीतिक दलहरूबीच औपचारिक छलफलले गति लिन सकेको थिएन । पर्व सम्पन्न भएसँगै सत्ता साझेदारी, मुख्यमन्त्रीको नेतृत्व र मन्त्रालय बाँडफाँटलाई लिएर निर्णायक वार्ता हुने अपेक्षा गरिएको छ । तर , नेतृत्वको दावी र सत्ता साझेदारीका विषयमा सहमति जुट्न नसक्दा नयाँ सरकार गठनको प्रक्रिया अझै अन्योलपूर्ण देखिएको छ ।

मधेश प्रदेशमा छोटो अवधिमै मुख्यमन्त्री परिवर्तन हुने र सरकार गठन तथा विघटनको क्रम दोहोरिने प्रवृत्तिले राजनीतिक स्थिर तामाथि गम्भीर प्रश्न उठाएको छ । सरकार परिवर्तन र सत्ता समीकरण निर्माणमा दलहरू सक्रिय देखिए पनि प्रदेशका नागरिकका आधारभूत समस्या समाधानले अपेक्षित प्राथमिकता पाउन नसकेको गुनासो रहँदै आएको छ ।

अब गठन हुने सरकारका लागि बहुमत जुटाउनु र मन्त्रालय बाँडफाँट गर्नु मात्र चुनौती हुने छैन । विगतका सरकारका कमजोरी सच्याउँदै सुशासन कायम गर्ने, विकास निर्माणलाई गति दिने र नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा प्रवाह गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ ।

विशेषगरी मधेश प्रदेशमा शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, खानेपानी, सिँचाइ र सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा देखिएका समस्या समाधान नयाँ सरकारका प्राथमिकता बन्नुपर्ने आवश्यकता छ । राजनीतिक दलहरूबीचको सत्ता साझेदारी जनताको जनजीविकासँग जोडिन नसके नयाँ सरकार पनि पुरानै राजनीतिक अस्थिरताको चक्रमा सीमित हुने जोखिम छ ।

त्यसैले मधेशमा गठन हुने नयाँ सरकारले राजनीतिक सहमति र सत्ता समीकरणलाई मात्र उपलब्धि नठानी प्रदेशको समग्र विकास, सुशासन र जनअपेक्षा पूरा गर्ने दिशामा ठोस काम गर्नुपर्ने देखिन्छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०८।०२

यस कम्पनीको विशेष साधारण समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३ ।०६।०१ मा समेत स्वीकृति प्राप्त भई साविक कम्पनी माइग्रेसन एइड प्रा. लि. प्राली न. (३५४४८१) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोर्नु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको सिभिकन एडभाइजरी ग्रुप प्रा.ली. अंग्रेजीमा Civicon Advisory Group Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना व्दारा जानकारी गराइन्छ।

बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।

सोनमा गाउँपालिका, महोत्तरी

नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

मटिहानी नगरपालिका, महोत्तरी

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यौर प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक

पाँचदिने सामाचकेवा कार्यशाला मंगलबारदेखि सुरु

खबर दर्पण समाचारदाता

मंसीर १ गते, बर्दिवास

मैथिली भाषा तथा मिथिलाको मौलिक लोकसंस्कृति र परम्पराको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले जनकपुरधाममा पाँचदिने सामाचकेवा कार्यशाला सुरु भएको छ ।

मैथिली विकास कोषको आयोजनामा आजदेखि कोषको भवनमा कार्यशाला प्रारम्भ भएको हो ।

सामाचकेवा पर्वको परम्परागत विधि, सांस्कृतिक महत्व, गीत, नृत्य तथा यससँग जोडिएका मौलिक अभ्यासबारे नयाँ पुस्तालाई जानकारी गराउने उद्देश्यले कार्यशाला आयोजना गरिएको आयोजकले जनाएको छ ।

कार्यशालामार्फत सामाचकेवाको सांस्कृतिक पक्षलाई व्यवहारिक रूपमा सिकाउनुका साथै लोपोन्मुख हुँदै गएका मौलिक परम्परा र लोककला संरक्षणमा जोड दिइनेछ ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीका अनुसार सामाचकेवा मिथिलाको विशिष्ट लोकपर्व हुनुका साथै दाजुभाइ र दिदीबहिनीबीचको अटुट प्रेम, स्नेह र आत्मीयताको प्रतीक हो ।

आधुनिकताको प्रभावसँगै नयाँ पुस्तामा मौलिक लोकसंस्कृतिप्रतिको आकर्षण घट्दै गइरहेको अवस्थामा यस्ता कार्यशालाले सांस्कृतिक पहिचानलाई जीवन्त राख्न महत्वपूर्ण योगदान पुर्याउने उनको भनाइ छ ।

उनले सामाचकेवाको परम्परागत स्वरूप, लोकगीत, सामूहिक खेल तथा सांस्कृतिक अभ्यासलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्न आवश्यक रहेको उल्लेख गर्दै यस अभियानमा सबैको सहभागिता हुनुपर्नेमा जोड दिए ।

मिथिलामा कार्तिक पूर्णिमादेखि सुरु हुने सामाचकेवा पर्वमा दिदीबहिनीहरूले माटोका विभिन्न आकृति बनाएर गीत तथा खेलमार्फत दाजुभाइको दीर्घायु, सुख र समृद्धिको कामना गर्ने परम्परा रहेको छ ।

पाँच दिनसम्म सञ्चालन हुने कार्यशालाले सामाचकेवाको मौलिकता, परम्परागत कला र सांस्कृतिक महत्वको संरक्षण गर्दै भावी पुस्तामा यसको हस्तान्तरण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

मैथिली विकास कोषले मिथिलाको भाषा, कला, साहित्य र लोकसंस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि यस्ता गतिविधिलाई निरन्तरता दिँदै आएको छ ।



सार्वजनिक सेवा लिँदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

मिथिला नगरपालिका, धनुषा

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं ।

बिषाल च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

जलेश्वर नगरपालिका, महोत्तरी

सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राखु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं ।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

सम्सी गाउँपालिका, महोत्तरी

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

महोत्तरी गाउँपालिका, महोत्तरी

बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं ।

बाढी/पहिरो आएमाः

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

पिपरा गाउँपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं ।

रामगोपालपुर नगरपालिका, महोत्तरी

यौनजन्य हिंसाविरुद्ध महोत्तरीमा सचेतनामूलक प्रभातफेरी

खबर दर्पण समाचारदाता

मंसीर १ गते, बर्दिवास

महिला तथा बालबालिकामाथि हुने यौनजन्य हिंसा न्यूनीकरण गर्दै सुरक्षित समाज निर्माण गर्ने उद्देश्यले महोत्तरीको जलेश्वर मा सचेतनामूलक प्रभातफेरी ञ्याली आयोजना गरिएको छ । नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको ७१औं स्थापना दिवसको अवसर मा जिल्ला प्रहरी कार्यालय महोत्तरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको आयोजनामा मंगलबार उक्त कार्यक्रम सम्पन्न भएको हो ।

'यौनजन्य हिंसाको अन्त्य गरौं, सुरक्षित समाजको निर्माण गरौं' भन्ने मूल नाराका साथ सञ्चालन गरिएको तीनदिने सचेतनामूलक कार्यक्रमअन्तर्गत प्रभातफेरी ञ्याली आयोजना गरिएको थियो ।

जलेश्वर नगरपालिका-२ स्थित महेन्द्र चोकबाट बिहान ८:३० बजे सुरु भएको ञ्याली महादेव मन्दिर, साहुजीपट्टी हुँदै पुनः महेन्द्र चोकमा पुगेर बिहान ९:१० बजे समापन भएको थियो ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालयकी प्रहरी नायब उपरीक्षक अञ्जना श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक भोला कुमार भट्ट, विभिन्न सरकारी कार्यालय तथा संघसंस्थाका प्रमुख एवं प्रतिनिधि, विभिन्न विद्यालयका विद्यार्थी लगायत करिब १५० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममार्फत महिला तथा बालबालिकाविरुद्ध हुने यौनजन्य हिंसा, दुर्व्यवहार तथा शोषणका घटनाबारे समुदायमा जनचेतना फैलाउने सन्देश प्रवाह गरिएको थियो ।

यौनजन्य हिंसा नियन्त्रणका लागि प्रहरीको सक्रियतासँगै परिवार, विद्यालय, समुदाय तथा सरोकार वाला निकायबीच सहकार्य आवश्यक रहेको सन्देशसमेत ञ्यालीमार्फत दिइएको थियो ।



लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान

२५ नोभेम्बरदेखि १० डिसेम्बर,२०२६(२०८३ मंसिर ९ गतेदेखि २४ गतेसम्म)

"लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धताः पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता"

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

एकडारा गाउँपालिका, महोत्तरी

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गौशाला नगरपालिका, महोत्तरी

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

भंगहा नगरपालिका, महोत्तरी

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

बर्दिवास नगरपालिका, महोत्तरी

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

लोहापट्टी नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

बलवा नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,